# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र २० गते २०२९ साल

श्री ५ को सरकार

### संचार मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले हुलाक सेवा विभागका निम्नलिखित कार्यालयमा रही काम गर्ने (प्रशासन बाहेकका) कर्मचारीले पाइआएका पर्व बिदामा कटौती गरी मिति २०२९।४।१ देखि देहायबमोजिमको मात्र बिदा दिने र सो बापत निजहरूलाई मात्र वर्षको अन्तमा १ (एक) महीनाको थप तलबको सुविधा दिने निर्णय गरेको छ ।

कार्यालय

१. गोश्वारा हुलाक,
२. मुख्य हुलाक,
३. मुख्य विनिमय हुलाकहरू,
४. विनिमय हुलाकहरू,
५. छोटी हुलाकहरू,
६. शाखा हुलाकहरू,
७. नगर हुलाकहरू ।
८. केन्द्रीय सर्टिङ्ग कार्यालय,
९. गौचर एयर सर्टिङ्ग कार्यालय ।



303

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्व बिदा

| | |
|---|---|
| श्री ५ महाराजाधिराजको शुभजन्मोत्सव दिन एक– | – १ |
| घटस्थापना दिन एक– | – १ |
| दशैंमा अष्टमी, नवमी र दशमी गरी दिन तीन– | – ३ |
| तिहारमा भाइटीका दिन एक– | – १ |
| जम्मा दिन | ६ |

तर उपर्युक्त हुलाक कार्यालयहरूमध्ये सिंहदरबार नगर हुलाक, सर्वोच्च अदालत शाखा हुलाक र बबरमहलस्थित काठमाडौं हुलाकका कर्मचारीलाई भने साबिकबमोजिम नै सार्वजनिक छुट्टी दिइनेछ ।

आज्ञाले–
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

३०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।